# चौतारा साँगाचोकगढी नगरपालिकाको
# छात्रवृत्ति तथा विद्यार्थी वित्तीय सहायता कार्यविधि, २०८०
## स्वीकृत मिति : २०८०/१२/१९

**प्रस्तावनाः**

आर्थिक रुपले विपन्न, सामाजिक सांस्कृतिक रुपले पिछडिएका, अपांगता भएका, द्वन्द्व प्रभावित वा सहीद तथा बेपत्ताका परिवार लगायत विभिन्न कठिन परिस्थितिबाट गुज्रिरहेका वा जेहन्दार विद्यार्थीहरुलाई अध्ययनमा सहजता प्रदान गर्न छात्रवृत्ति वा वित्तीय सहायता प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले,

चौतारा साँगाचोकगढी नगर कार्यपालिकाले यो "चौतारा साँगाचोकगढी नगरपालिकाको **छात्रवृत्ति तथा विद्यार्थी वित्तीय सहायता कार्यविधि, २०८०"** स्वीकृत गरेको छ।

## परिच्छेद-एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"चौतारा साँगाचोकगढी नगरपालिकाको छात्रवृत्ति तथा विद्यार्थी वित्तीय सहायता कार्यविधि, २०८०"** रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा मापदण्ड एवम् कार्यविधिमाः-,

(क) **"कार्यविधि"** भन्नाले "चौतारा साँगाचोकगढी नगरपालिकाको छात्रवृत्ति तथा विद्यार्थी वित्तीय सहायता कार्यविधि, २०८०" सम्झनु पर्छ।

(ख) **"छात्रवृत्ति"** भन्नाले विद्यार्थीहरुलाई अध्ययनमा सहजीकरण गर्न प्रदान गरिने मौद्रिक सहायतालाई सम्झनु पर्छ र सो शब्दले विद्यार्थीले विद्यालय वा शिक्षण संस्थामा तिर्नुपर्ने रकम छुट वा मिनाहा समेतलाई जनाउँछ।

(ग) **"छात्रा सशक्तिकरण छात्रवृत्ति"** भन्नाले चौतारा साँगाचोकगढीमा स्थायी बसोबास भएका छोरी वा बुहारीहरुलाई प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्छ।

(घ) **"नगरपालिका"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनु पर्छ।

(ङ) **"नगर शिक्षा प्रमुख"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्छ।

(च) **"विद्यार्थी वित्तीय सहायता"** भन्नाले आर्थिक रुपले विपन्न, सामाजिक सांस्कृतिक रुपले पिछडिएका, अपांगता भएका, द्वन्द्व प्रभावित वा सहीद तथा बेपत्ता परिवार लगायत विभिन्न कठिन परिस्थितिबाट गुज्रिरहेका वा जेहन्दार विद्यार्थीहरुलाई माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा वा उच्च शिक्षा अध्ययनका लागि नगरपालिकाबाट प्रदान गरिने नगद सहायता सम्झनु पर्छ।

(छ) **"शाखा"** भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(ज) **"शिक्षण संस्था"** भन्नाले विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा वा उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले चौतारा साँगाचोकगढी नगरपालिकाभित्र प्रचालित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालय, प्राविधिक शिक्षालय वा क्याम्पस सम्झनु पर्छ।

## परिच्छेद-दुई
## छात्रवृत्ति प्रदान गर्ने आधार तथा प्रक्रिया

३. **छात्रवृत्तिका तथा विद्यार्थी वित्तीय सहायताका लागि विद्यार्थी छनौट गर्ने आधारः**

(१) छात्रवृत्ति तथा विद्यार्थी वित्तीय सहायता प्रदान गर्दा देहायका आधारमा विद्यार्थी छनौट गर्नु पर्नेछः

(क) आर्थिक रुपले विपन्न विद्यार्थी

(ख) सहीद तथा बेपत्ता र द्वन्द्व प्रभावित परिवारका विद्यार्थी

(ग) अपांगता भएका विद्यार्थी

(घ) छात्रा तथा लैंगिक अल्पसंख्यक विद्यार्थी

(ङ) दलित विद्यार्थी

(च) प्रतिभावान् तथा जेहन्दार विद्यार्थी (जिपिए ३.२ वा सोभन्दा बढि ल्याएका)

(छ) सीमान्तकृत र लोपोन्मुख समूहका विद्यार्थी

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शाखाले उपयुक्त ठानेको चौतारा साँगाचोकगढी नगरभित्रका कुनै विद्यार्थीलाई विद्यालय शिक्षा, उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनमा सहयोग गर्न छात्रवृत्ति वा विद्यार्थी वित्तीय सहायता प्रदान गर्न बाधा परेको मानिने छैन ।

४. **छात्रवृत्ति प्रदान गर्ने प्रक्रियाः** (१) चौतारा साँगाचोकगढी नगरपालिकाभित्रका शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नका लागि विद्यार्थी छनोट गर्दा देहायको प्रक्रिया अपनाउनु पर्ने छः

(क) तोकिएका लक्षित विद्यार्थीहरुले आवेदन दिन पाउने गरी शाखाले कम्तीमा १५ दिनको म्याद राखी छात्रवृत्तिको लागि आवेदन आव्हान गर्ने,

(ख) शाखाले आवेदन संकलन र जाँचबुझ गरी रीत पुगेका आवेदनहरु दर्ता गर्ने,

(ग) छात्रवृत्ति छनोट समितिले छात्रवृत्तिका लागि विद्यार्थीको छनोट गर्ने ।

(घ) नगर कार्यपालिकाको कार्यालयले छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति रकम सम्बन्धित विद्यालय वा शिक्षण संस्थाको खातामा उलपब्ध गराउने ।

(ङ) विद्यालय वा शिक्षण संस्थाले विद्यार्थीको बैंक खातामा रकम जम्मा गरिदिने वा भरपाई गरी विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउने,

(च) विद्यालय वा शिक्षण संस्थाले छात्रवृत्ति वितरण गरेपछि सोको प्रमाण देखिने बैंक भौचर वा भरपाई वा शाखामा पेश गर्ने ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा छात्रवृत्ति छनोट समितिले विद्यार्थीको अन्तरवार्ता वा लिखित परीक्षा लिन सक्नेछ ।

(३) यस दफा बमोजिम छात्रवृत्ति प्राप्त गर्नका लागि आवेदन गर्दा विद्यार्थीले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित संलग्न राखी आवेदन पेश गर्नुपर्ने छ ।

## परिच्छेद तीन
## छात्रवृत्ति छनोट समिति सम्बन्धी व्यवस्था

५. **नगर स्तरीय छात्रवृत्ति छनोट समितिः** (१) नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने प्रयोजनका लागि देहायबमोजिमको छनोट समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | नगर शिक्षा प्रमुख | **संयोजक** |
| (ख) | सामाजिक विकास समितिका संयोजक | **सदस्य** |
| (ग) | नगर शिक्षा प्रमुखले तोकेको कर्मचारी | **सदस्य सचिव** |

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति छनोट समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(३) नगर स्तरीय छात्रवृत्ति छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छः

(क) छात्रवृत्ति प्रदान गर्नका लागि विद्यार्थीहरुबाट आवेदन संकलन गर्ने, गराउने,

(ख) यस कार्यविधिमा तोकिएको मापदण्ड तथा आधारमा छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने ।

(ग) छात्रवृत्ति व्यवस्थाको कार्यान्वयन प्रभावकारिताको अनुगमन तथा मूल्यांकन गर्ने,

(घ) छात्रवृत्तिको लागि विधागत तथा कक्षा वा तहगत कोटा निर्धारण गर्ने,

(ङ) विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने ।

६. **निजी विद्यालयमा रहने छात्रवृत्ति छनोट समितिः** (१) निजी विद्यालयले प्रदान गर्ने छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न देहायबमोजिमको छात्रवृत्ति छनोट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष — संयोजक

(ख) शाखाको प्रतिनिधि एक जना — सदस्य

(ग) प्रधानाध्यापक — सदस्य

(घ) शाखाबाट मनोनित अभिभावक एक जना — सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको शिक्षक एक जना — सदस्य

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमको समितिको मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ । तर मनोनित व्यक्ति कुनै कारणले अभिभावक नरहेमा निजको पदावधि स्वतः समाप्त भएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम रिक्त भएको सदस्य पदमा शाखाले अर्को अभिभावकलाई मनोनित गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः चार

## छात्रवृत्तिस्वरुप उपलब्ध गराइने रकम सम्बन्धी व्यवस्था

७. **छात्रवृत्तिस्वरुप उपलब्ध गराइने रकमः** (१) विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा वा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिस्वरुप उपलब्ध गराइने रकम देहायबमोजिम हुनेछः

| क्र.सं. | विषय (विधा) | छात्रवृत्ति दर (रु) | प्रति बर्ष छात्रवृत्ति रकम (रु) |
|---|---|---|---|
| १. | चिकित्साशास्त्र | स्नातक (एम्बिबिएस्) | चौबिस हजार |
| २. | नर्सिङ/स्वास्थ्य सम्बन्धी विषय | स्नातक | अठार हजार |
| ३. | इन्जिनियरिङ | स्नातक | अठार हजार |
| ४. | कृषि/वन | स्नातक | अठार हजार |
| ५. | विज्ञान | स्नातक | अठार हजार |
| ६. | व्यवस्थापन | स्नातक | दश हजार |
| ७. | शिक्षा | स्नातक | दश हजार |
| ८. | मानविकी | स्नातक | दश हजार |
| ९. | प्राविधिक डिप्लोमा/ अन्य | दश जोड दुई सरह | दश हजार |

(२) विद्यालय तहका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति रकम देहायबमोजिम हुनेछः

| **कक्षा** | **प्रति विद्यार्थी बार्षिक छात्रवृत्ति रकम (रु)** | | **कैफियत** |
|---|---|---|---|
| | **अंकमा** | **अक्षरमा** | |
| प्रारम्भिक बाल कक्षा | रु १००० | एक हजार रुपैयाँ | |
| १ | रु. १२०० | एक हजार दुई सय रुपैयाँ | |
| २ | रु. १२०० | एक हजार दुई सय रुपैयाँ | |
| ३ | रु १२०० | एक हजार दुई सय रुपैयाँ | |
| ४ | रु. १८०० | एक हजार आठ सय रुपैयाँ | |
| ५ | रु. १८०० | एक हजार आठ सय रुपैयाँ | |
| ६ | रु. २४०० | दुई हजार चार सय रुपैयाँ | |
| ७ | रु. २४०० | दुई हजार चार सय रुपैयाँ | |
| ८ | रु. २४०० | दुई हजार चार सय रुपैयाँ | |
| ९ | रु. ३६०० | तीन हजार छ सय रुपैयाँ | |
| १० | रु. ३६०० | तीन हजार छ सय रुपैयाँ | |
| ११ (अन्य विषय) | रु. ६००० | छ हजार रुपैयाँ | |
| १२ (अन्य विषय) | रु. ६००० | छ हजार रुपैयाँ | |
| ११ (विज्ञान र गणित) | रु. १०००० | दश हजार रुपैयाँ | |
| १२ (विज्ञान र गणित) | रु. १०००० | दश हजार रुपैयाँ | |

(३) यस दफा बमोजिमको छात्रवृत्ति प्रदान गर्दा बार्षिक रुपमा प्रदान गरिनेछ । तर शिक्षण संस्थाको अन्तरिक वा बोर्ड परीक्षामा उत्तीर्ण हुन नसकेका विद्यार्थीलाई त्यस्तो छात्रवृत्ति निरन्तरता गरिने छैन ।

## परिच्छेदः पाँच

## विभिन्न प्रकारका छात्रवृत्ति सम्बन्धी व्यवस्था

८. **छात्रा सशक्तिकरण छात्रवृत्तिः** (१) चौतारा साँगाचोकगढी नगरपालिकाभित्र स्थायी बसोबास भई उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न चाहने सम्पूर्ण छात्रा (छोरी तथा बुहारी) लाई अध्ययनमा प्रोत्साहन गर्ने उद्देश्यले निःशुल्क शिक्षा सुनिश्चित गर्नका लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यार्थी वित्तीय सहायता चौतारा साँगाचोकगढीभित्रका शिक्षण संस्थामा अध्ययन गर्नेको हकमा मात्र लागू हुनेछ ।

(३) यस दफा बमोजिम छात्रवृत्ति प्राप्त गर्नका लागि आवेदन गर्दा विद्यार्थीले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपी वा सम्बन्धित वडाको सिफारिस र शिक्षण संस्थामा भर्ना भएको प्रमाण सहित संलग्न राखी निवेदन पेश गर्नुपर्ने छ

९. **अपांगता छात्रवृत्तिः** (१) चौतारा साँगाचोकगढी नगरपालिकाभित्रका विद्यालय वा शिक्षण संस्थामा अध्ययन गर्ने अपांगता भएका विद्यार्थीहरुबाट सार्वजनिक विद्यालयले कुनै प्रकारको शुल्क वा वित्तीय सहयोग लिन पाउने छैन ।

(२) चौतारा साँगाचोकगढी नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा अध्ययन गर्ने अपांगता भएका विद्यार्थीहरुलाई नगरपालिकाले निःशुल्क अध्ययनको लागि वित्तीय सहायता प्रदान गर्ने छ ।

(३) उपदफा (२) बमोजिम वित्तीय सहायता प्राप्त गर्न विद्यार्थीले लब्धांक पत्र वा ग्रेड सीट, चारित्रीक प्रमाणपत्र, अपांगताको प्रमाणपत्र सहित सम्बन्धित शिक्षण संस्थामा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन संकलन गरी सम्बन्धित शिक्षण संस्थाले यथाशीघ्र शाखामा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त निवेदनको शाखाले जाँचबुझ गरी वित्तीय सहायताका लागि नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नेछ ।

(६) नगर कार्यपालिकाको कार्यालयले शाखाको सिफारिस समेतका आधारमा अपांगता विद्यार्थी वित्तीय सहायता रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा निकाशा दिनेछ ।

१०. **आवासीय छात्रवृत्तिः** (१) आर्थिक रुपले विपन्न, लोपोन्मुख, सीमान्तीकृत समुदाय, शहीद तथा बेपत्ता परिवार, आमा बाबु विहीन वा विद्यालय मर्जिङका कारण विस्थापित वा अन्य लक्षित वर्गका बालबालिकालाई शहिद स्मृति बालग्राम वा नगर भित्रका शाखाले तोकेका विद्यालयमा अध्ययन गर्ने प्रयोजनका लागि आबासीय छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(२) आवासीय छात्रवृत्तीको रकम मासिक प्रति विद्यार्थी तीन हजार दुई सय रुपैयाँ हुनेछ ।

(३) आवासीय छात्रवृत्तिका लागि विद्यार्थी छनोट गरी ज्ञान मन्दिर माध्यमिक विद्यालय अन्तर्गत सञ्चालित सहीद स्मृति बालग्राममा भर्नाका लागि पठाउने जिम्मेवारी नगर स्तरीय छात्रवृत्ति छनोट समितिको हुनेछ ।

## परिच्छेदः छ

## निजी विद्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी व्यवस्था

११. **निजी विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्नेः** (१) नगरपालिकाभित्र सञ्चालित निजी विद्यालयले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा तोकिएको देहायबमोजिम संख्यामा विद्यार्थीलाई निःशुल्क अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछः

(क) पाँच सय जनासम्म विद्यार्थी भएमा जम्मा विद्यार्थी संख्याको दश प्रतिशत विद्यार्थीलाई

(ख) पाँच सयभन्दा बढि आठ सय जना सम्म विद्यार्थी भएमा जम्मा विद्यार्थी संख्याको बाह्र प्रतिशत विद्यार्थीलाई

(ग) आठ सय जनाभन्दा बढि विद्यार्थी भएमा जम्मा विद्यार्थी संख्याको पन्ध्र प्रतिशत विद्यार्थीलाई

(२) निजी विद्यालयले छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम नामेसी सहितको विवरण शाखामा पेश गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा आर्थिक रुपले विपन्न, लोपोन्मुख, सीमान्तीकृत, आदिबासी जनजाती, दलित, शहीद तथा बेपत्ता परिवार, द्वन्द्व प्रभावित वा जेहन्दार विद्यार्थी मध्येबाट छनोट गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको छात्रवृत्ति प्रदान नगर्ने निजी विद्यालयलाई नगरपालिकाले कारबाही गर्नेछ ।

## परिच्छेद : सात
## विद्यार्थी वित्तीय सहायता सम्बन्धी व्यवस्था

१२. **विद्यार्थी वित्तीय सहायता प्रदान गर्न सकिने:** (१) चौतारा साँगाचोकगढी नगरपालिका बाहिरका शिक्षण संस्थामा अध्ययन गर्ने आर्थिक रुपले विपन्न, जेहन्दार, आमा बाबु विहिन, सिमान्तीकृत तथा लोपोन्मुख समुदाय वा अन्य लक्षित वर्गका विद्यार्थीलाई अध्ययनमा सहजताका लागि प्रति विद्यार्थी बढिमा बीस हजार सम्म विद्यार्थी वित्तीय सहायता प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको वित्तीय सहायता प्रदान गर्दा देहायको समितिको निर्णयका आधारमा नगर कार्यपालिकाको कार्यालयले गर्नु पर्नेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | **संयोजक** |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | **सदस्य** |
| (ग) नगर शिक्षा प्रमुख | **सदस्य** |

१३. **प्रतियोगितात्मक परीक्षा तयारीका लागि वित्तीय सहायता प्रदान गरिने:** (१) चौतारा साँगाचोकगढी नगरपालिकाभित्रका आर्थिक रुपले विपन्न, जेहन्दार, सिमान्तीकृत तथा लोपोन्मुख समुदाय, महिला लगायताका नागरिकहरुले लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग र शिक्षक सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक परीक्षाको तयारी गर्न चाहेमा नगर प्रमुखले सहायकस्तरको लागि बढिमा पन्ध्र हजार र अधिकृतस्तरका लागि बढिमा बीस हजार रुपैँयासम्म वित्तीय सहायता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वित्तीय सहायता प्राप्त गर्न नगरबासी नागरिकले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र तयारी गर्न लागेको कोर्शको विवरण सहित संलग्न राखी नगर प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद : आठ
## विविध

१४. **छात्रवृत्ति वा विद्यार्थी वित्तीय सहायता निरन्तरता नगरिने:** (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति वा विद्यार्थी वित्तीय सहायता प्राप्त गरेका विद्यार्थीले सम्बन्धित तह वा कक्षामा लिइएको परीक्षामा कम्तीमा पचास प्रतिशत अंक प्राप्त नगरेमा त्यस्तो छात्रवृत्ति वा वित्तीय सहायता बाँकी शैक्षिक सत्र वा सेमेस्टरमा निरन्तरता गर्ने छैन ।

१५. **दोहोरो पर्ने गरी छात्रवृत्ति वा विद्यार्थी वित्तीय सहायता नदिइने:** यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुलाई कुनै एक प्रकारको मात्र छात्रवृत्ति प्रदान गरिने छ ।

१६. **प्रमाण पेश गर्नुपर्ने:** कुनै एक बर्ष छात्रवृत्ति वा विद्यार्थी वित्तीय सहायता प्राप्त गरका विद्यार्थीले अर्को बर्ष छात्रवृत्ति वा विद्यार्थी वित्तीय सहायता माग गर्दा आफूले प्राप्त गरेको लब्धांक पत्र वा ग्रेड सीट वा मार्कसीट सहित निवेदन दिनु पर्नेछ ।

१७. **संघीय र प्रदेश सरकारबाट प्राप्त हुने छात्रवृत्ति प्रदान गर्ने:** (१) संघीय र प्रदेश सरकारबाट प्राप्त हुने छात्रवृत्ति सम्बन्धित सरकारले तोकेको मापदण्ड बमोजिम वितरण गरिनेछ ।

(२) यस दफा बमोजिम प्रदान गरिने छात्रवृत्ति विद्यालयमार्फत वितरण गरिने छ ।

१८. **बाधा अड्काउ फुकाउने अधिकार:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर शिक्षा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **कार्यविधिमा संशोधन:** यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।